**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)**

# Himalaya Urja Bikas Company Limited

# हिमालय उर्जा विकास कम्पनी लिमिटेड

सुविधानगर, तिनकुने, काठमाडौं, नेपाल । फोन नं ०१-४१११८५३/६७३/६७४

Email: himalenergy@gmail.com । info@himalurja.com । URL: www.himalurja.com

**को**

# विवरणपत्र

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

यस विवरण पत्र मार्फत कम्पनीले आफ्नो जारी पूँजी रु. ९९,००,००,०००/- को १५ प्रतिशत अर्थात रु. १४,८५,००,०००/- रकम बराबर प्रति शेयर रु.१००।– अङ्कित दरका १४,८५,००० कित्ता (४४,५५० कित्ता शेयर (३ प्रतिशत) कर्मचारीहरुलाई र ७४,२५० कित्ता शेयर (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि बाँडफाँड गरिएको समेत) साधारण शेयर सर्वसाधारणमा निष्काशन गरिएको । संस्थापक, सञ्चालक तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई जारी गरेको शेयर खरिद गरेकाले सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् ।

**दरखास्तसाथ प्रति शेयर रु. १००/– को दरले (शतप्रतिशत) भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | पौष मसान्त | प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५* | २०७५/७६ | २०७६/७७ | २०७७/०७८ |
| प्रति शेयर नेटवर्थ (रू.) | ९८.८२ | ९८.७० | ९८.३६ | ९८.४९ | ९७.९६ | ११३.४३ | १३१.६६ |
| प्रति शेयर आम्दानी (EPS) | ०.०४६ | (०.११६) | (०.३३९) | (०.०६१) | (०.८०८) | १५.४६८ | १८.२२९ |
| संचित नाफा/(नोक्सानी) (रू. हजारमा) | (८,७८३) | (९,६४२) | (१२,१६२) | (१२,६७९) | (२०,१६२) | १३२,९६७ | ३१३,४३४ |

**प्रति मेगावाट लागत सम्बन्धी विवरण :**

संगठित संस्थाको अनुमानीत लागत अनुसार प्रति मेगावाट लागत १६,५५,९९,०००/- रहेको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण:**

उपल्लो खिम्ति १२ मे.वा. को पत्र वहाल रहने अवधि मिति २०६९/०९/०३ देखि २१०४/०९/०२ गते सम्म रहेकोले २९ वर्ष बाँकी रहेको छ ।
अपर खिम्ति-॥ ७ मे.वा. को पत्र वहाल रहने अवधि मिति २०७१/१२/१३ देखि २१०६/१२/१२ गते सम्म रहेकोले ३१ वर्ष बाँकी रहेको छ ।

**लगानि फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:**

दुवै आयोजनाको गरि लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ६.२१ वर्ष र Discounted Pay Back Period ९.४३ वर्ष रहेको छ ।

**जलविद्युत आयोजनाको कुल लागत**

उपल्लो खिम्ती (१२ मे.वा.) र अपर खिम्ती-॥ (७ मे.वा.) जलविद्युत आयोजनाको कुल अनुमानित लागत रु. ३,१४,६३,७४,०००/- रहेको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण:**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयम्को हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण:**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण:**

यस हिमालय उर्जा विकास कम्पनी लिमिटेडले जारी गर्न लागेको साधारण शेयरलाई ईक्रा नेपाल लिमिटेडले औसत भन्दा कम आधारहरु (Below-Average Fundamentals) जनाउने "[ICRANP] IPO Grade 4" ग्रेडिङ्ग जुन २२, २०१८ (२०७५/०३/८) मा प्रदान गरेको छ र सो रेटिङको बहाल अवधि जुन २१, २०१९ (२०७६/०३/६) सम्म रहेको छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) मा उल्लेख गरिएको छ ।

| |
|---|
| **नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत भएको मिति : २०७५/१०/२१ ।** |
| **कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७५/११/१५ ।** |
| **धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०७५/१२/२० ।** |
| **निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७५/१२/२५ बैकिङ्ग समय पश्चात् ।** |
| **निष्काशन बन्द हुने मिति (अन्तिम) : २०७६/०१/१९ बैकिङ्ग समय पश्चात् ।** |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**NABIL® INVESTMENT BANKING LTD.**

**(A Subsidiary of Nabil Bank Ltd.)**

नारायणचौर, नक्साल, काठमाण्डौ । फोनः ४४११६०४/४४११७३३, फ्याक्सः ४४१०५५४

Email: info@nabilinvest.com.np । URL: www.nabilinvest.com.np

## १.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरू भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले नबिल इनभेष्टमेण्ट बैंकिङ्ग लिमिटेड सम्झनु पर्दछ ।

ग) "संगठित संस्था/ कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी हिमालय उर्जा विकास कम्पनी लिमिटेड सम्झनु पर्दछ ।

घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनका लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्था सम्झनु पर्दछ ।

ङ) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड,कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल विद्युत प्राधिकरण तथा विद्युत विकास विभाग सम्झनु पर्दछ ।

छ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले हिमालय उर्जा विकास कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यवस्थापक सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

## २. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट : www.nabilinvest.com.np |
| २. | हिमालय उर्जा बिकास कम्पनी लि.,तिनकुने र वेवसाइट : www.himalurja.com |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेको सम्पूर्ण सी–आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरू र तिनका शाखा कार्यालयहरू । |

## १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरूको आधारमा यस हिमालय उर्जा विकास कम्पनी लिमिटेडको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरूलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरूपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## २. संगठित संस्थाको उद्घोषण :

**क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रवन्धकहरूलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

**ख. संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस संगठित संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरूको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७३/७४ सम्मको विवरणहरू पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालमा अद्यावधिक रहेको छ ।

**घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(क) यस संस्थाका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस संस्थाका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(ङ) यस संस्थाका सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ३.संगठित संस्था सम्बन्धी जानकारी :

**क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम** : हिमालय उर्जा विकास कम्पनी लिमिटेड (Himalaya Urja Bikas Company Limited)

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:**

यस कम्पनी प्रचलित कम्पनी ऐन, बमोजिम मिति २०५६ साल मंसिर १३ गते का दिन कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई २०७१ साल कार्तिक १७ गतेबाट कम्पनी ऐन २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको हो ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना:**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३२, सुविधानगर, तिनकुने, काठमाडौंमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान/जलविद्युत केन्द्र:**

यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वडा नं १ र दोलखा जिल्लाको जिरी नगरपालिका वडा नं १ मा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

- यो कम्पनी नेपालको कम्पनी ऐन अन्तर्गत प्रा.लि. को रूपमा मिति २०५६/०८/१३ गतेका दिन कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । कम्पनी मिति २०७१/०७/१७ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट पब्लिक कम्पनीको रूपमा परिणत भएको हो । हाल कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३२, सुविधानगर, तिनकुने, काठमाडौंमा रहेको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।**

क) देशमा जलविद्युत शक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ, संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरूलाई एक आपसमा आवद्धगरी विद्युतशक्ति उत्पादन, वितरण, सञ्चालन, मर्मत संभार आदि कार्य गर्ने ।

ख) नेपाल विद्युत प्राधिकरण जस्ता उद्येश्य भएका अन्य संस्था वा कम्पनीहरूसंग सम्पर्क गरी पारस्परीक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रशारण लाईन मार्फत बिक्री गर्ने वा स्थानीय स्तरमा विद्युत सप्लाई तथा वितरण गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भुमिका निर्वाह गर्ने ।

ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृती लिई नेपाल राज्यमा नदी नालाहरूबाट विभिन्न स्तरका जल विद्युत आयोजना निर्माण गरी संचालन गर्ने । वायु शक्ति, सौर्य शक्ति डिजल प्लान्ट वा अन्य विकसित प्रविधिसंग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका योजनाहरू तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरूको पुनः संचालन गर्ने, विद्युत उत्पादन वृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसंग सम्बन्धित सेवा व्यवसाय गरी विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याति प्राप्त अन्तराष्ट्रिय कम्पनीहरूसंग सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरूमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरूको आयोजना गर्ने तथा देशमा विद्युतशक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

च) जलविद्युत, बैंक, बिमा, सिमेण्ट, फलामे छड वा डण्डी तथा अन्य कम्पनीहरूमा शेयरधनी भई लगानी गर्ने ।

छ) विद्युत प्रसारणका लागि विभिन्न भोल्टेजका ट्रान्समिसन लाइनहरूको अध्ययन निर्माण, मर्मत, संभार तथा सञ्चालन सम्बन्धी कामहरू गर्ने ।

ज) आवश्यकताअनुसार निम्न विषयहरूमा स्वदेश तथा विदेशमा रही परामर्शको कार्य गर्ने :

झ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

ञ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।

ट) जलविद्युत आयोजनाहरूको पूर्व संभाव्यता, विस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने ।

ठ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

- कम्पनीमा संस्थापक शेयरधनीको रूपमा अरूण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि, एसियन जल उर्जा प्रा. लि., लुम्बिनि ईन्जिनियरिङ कलेज प्रा. लि., क्लिन इनर्जी कन्सल्ट्यान्ट्स प्रा.लि., दुश्यन्त एण्ड कम्पनी प्रा. लि., ब्लुचिप इन्भेष्टमेन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि., मातृसेवा प्रतिष्ठान नेपाल आदि शेयरधनीहरू रहेका छन् ।
- आयोजनाको कुल जलविद्युत उत्पादन क्षमता: कम्पनीले रामेछाप र दोलखा जिल्लाको सीमा नदीका रूपमा बहने खिम्ती खोलामा उपल्लो खिम्ती (१२ मे.वा.) र अपर खिम्ती-II (७ मे.वा.) का दूई जलविद्युत् आयोजनाहरूको कुल जलविद्युत उत्पादन क्षमता १९ मे.वा. छ ।
- आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति : उपल्लो खिम्ती १२ मे.वा. को मिति २०६९/०९/०३ मा नेपाल सरकार,ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०६९/०७० वि.उ. ०७७) प्राप्त भएको हो भने अपर खिम्ती-II (७ मे.वा.) को मिति २०७१/१२/१३ मा नेपाल सरकार,ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७१/०७२ वि.उ. १३१) प्राप्त भएको हो ।
- अनुमती बहाल रहने मिति तथा अवधि : उपल्लो खिम्ती १२ मे.वा. को विद्युत् उत्पादनको अनुमतिपत्रको बहाल मिति २१०४/०९/०२ गते सम्म र बहाल अवधी २९ वर्ष रहनेछ भने अपर खिम्ती-II (७ मे.वा.) अनुमतिपत्र मिति २१०६/१२/१२ गते सम्म बहाल रहनेछ बहाल अवधी ३१ बर्ष रहेको छ ।

- आयोजनाको कुल लागत : उपल्लो खिम्ती (१२ मे.वा.) अनुमानित लागत रू १,९१,४१,१४,०००/- र अपर खिम्ती-।। (७ मे.वा.) जलविद्युत आयोजनाको अनुमानित लागत रू. १,२३,२२,६०,०००/- रहेको छ । यसरी दुवै जलविद्युत आयोजनाहरूको कुल अनुमानित लागत रू. ३,१४,६३,७४,०००/- रहेको छ ।
- आयोजनाको प्रति मेगावाट लागत : दुबै आयोजनाहरूको एकमुष्ट अनुमानीत लागत अनुसार प्रति मेगावाट लागत १६,५५,९९,०००/ रहेको छ ।
- आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि अवधी (Normal pay back period) : दुबै आयोजनाहरूको साधारण लगानी फीर्ता हुने अवधी (Normal pay back period) ६.२१ वर्ष रहेको छ ।
- आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted pay back period): दुबै आयोजनाहरूको डिस्काउन्टमा लगानी फीर्ता हुने अवधी (Discounted pay back period) ९.४३ वर्ष रहेको छ ।
- विद्युत खरिद बिक्री सम्झौता भएको मिति र सम्झौताका मुख्य मुख्य बुँदाहरू : उपल्लो खिम्ती १२ मे.वा. को खरिद बिक्री सम्झौता कम्पनी र नेपाल विद्युत् प्राधिकरणका बीच मिति २०६७/१०/०९ मा भएको हो । उक्त विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।

क) उपल्लो खिम्ती (१२ मे.वा.) जलविद्युत आयोजनाबाट वार्षिक ७,३६,१२,५१९ युनिट विद्युत उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

ख) PPA अनुसार विद्युतको खरिदमुल्य वर्षायामका महिनाको लागि प्रति किलोवाट घण्टा रू.४.०० (चार रूपैंया मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागी प्रति किलोवाट घण्टा रू.७.०० (सात रूपैंया मात्र) तोकिएको छ ।

ग) सम्झौता अनुसार व्यापारिक उत्पादन मिति Commercial Operation Date लाई आधार बर्ष मानी त्यसपछिको ९ वर्षसम्म आधार वर्षको ३ प्रतिशतका दरले मुल्य बृद्धि दिने व्यवस्था रहेको छ

घ) सम्झौता अनुसार व्यापारिक विद्युत उत्पादन सुरू गर्नुपर्ने मिति (RCOD) २०७२ कार्तिक ३० गते रहेको थियो । यसको पहिलो संशोधन मिति २०७२/०७/१२ गते सम्पन्न भई RCOD मिति २०७५ आषाढ ३१ गते कायम गरिएकोमा पुनः संसोधन गरि यस आयोजनाको RCOD २०७५ चैत्र १ गते कायम भएको छ ।

ङ) नेपाल विद्युत प्राधिकरणले यस आयोजनाहरूबाट उत्पादित अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.२ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

च) प्राधिकरणले व्यापारिक उत्पादन सुरू हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद बापत वर्षायाममा प्रति कि.वा. घण्टा रू. ४।८० र सुख्खा याममा प्रति कि.वा. घण्टा रू. ८।४० विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद विक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन सुरू हुने मिति COD बाट १ वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३% का दरले ५ पटक सम्म मुल्य वृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| आर्थिक वर्ष | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षायाम (बैशाख देखि मार्ग सम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादन सुरू हुने मिति (COD) पर्ने आर्थिक वर्ष | ७।– | ४।– |
| COD पछिको पहिलो आर्थिक वर्ष | ७।२१ | ४।१२ |
| COD पछिको दोश्रो आर्थिक वर्ष | ७।४२ | ४।२४ |
| COD पछिको तेश्रो आर्थिक वर्ष | ७।६३ | ४।३६ |
| COD पछिको चौथो आर्थिक वर्ष | ७।८४ | ४।४८ |
| COD पछिको पाँचौ आर्थिक वर्ष | ८।०५ | ४।६० |
| COD पछिको छैटौ आर्थिक वर्ष | ८।२६ | ४।७२ |
| COD पछिको सातौ आर्थिक वर्ष | ८।४७ | ४।८४ |
| COD पछिको आठौ आर्थिक वर्ष | ८।६८ | ४।९६ |
| COD पछिको नवौ आर्थिक वर्ष देखि सम्झौता अवधि सम्म | ८।८९ | ५।०८ |

छ) यस आयोजनाको RCOD मा COD नभएमा ९ पटक हुने मूल्य वृद्धिमा कुनै रोकावटको व्यवस्था छैन ।

ज) कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरू हुने मिति (Commercial Operation Date)पर्ने गरी आयोजना निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरू समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति मिति (Required Commercial Operation Date)सम्ममा व्यापारिक उत्पादन शुरू हुने मिति नपरेमा (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणबाट हुनुपर्ने कार्यहरू सोहि समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरू हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन तोकिएको समयमा हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ । यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ ।

हर्जाना रकम रू. =०.०५ X कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरू हुने मिति बीचको दिन अन्तरको अवधीको उर्जा X व्यापारिक उत्पादन शुरू हुने मिति (COD)मा लागू हुने खरीद दर ।

प्राधिकरणले लिनु पर्ने यसे हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गने पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्मिा पहिलो बिल देखि यस्तो हर्जाना तिर्नु पर्ने ठहर भएको कुल रकमको २०% ले हुन आउने रकम वा कम्पनीको मासिक बील रकमको ५० % ले हुन आउने रकम मध्ये जुन घटी हुन्छ सोही रकममो मासिक किस्ता कायम गरी किस्ताबिन्दमा कम्पनीको पहिलो बील देखि उक्त हर्जाना पुरा नभएसम्म भुक्तानी गरिनेछ ।

**अपर खिम्ती- ।। ७ मे.वा**. को खरिद बिक्री सम्झौता कम्पनी र प्राधिकरण बीच मिति २०६९/१२/०९ मा सम्पन्न भएको हो । उक्त विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।

क) अपर खिम्ती -।। (७. मे.वा.) जलविद्युत आयोजनाबाट वार्षिक ४,२२,९१,२४८ युनिट विद्युत उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

ख) अपर खिम्ती-।। (७.मे.वा.) जलविद्युत आयोजनाको एएब्अनुसार विद्युतको खरिद मुल्य वर्षायामका महिनाको लागि प्रति किलोवाट घण्टा रू.४.८० (चार रूपैंया अस्सी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागी प्रति किलोवाट घण्टा रू.८.४० (आठ रूपैंया चालिस पैसा मात्र) तोकिएको छ ।

ग) सम्झौता अनुसार व्यापारिक उत्पादन मिति Commercial Operation Date लाई आधार बर्ष मानी त्यसपछिको ५ वर्षसम्म ३ प्रतिशतका दरले मुल्य बृद्धि दिने व्यवस्था रहेको छ ।

घ) यस आयोजनाको RCOD २०७४ श्रावण १ गते रहेकोमा यस आयोजनाको विद्युत खरिद बिक्रि सम्झौताको पहिलो संशोधन मिति २०७४/०३/२९ गते भई RCOD २०७५ चैत्र १ भएकोमा पुनः संसोधन भई २०७६ आषाढ ३१ कायम भएको छ ।

ङ) नेपाल विद्युत प्राधिकरणले दुवै आयोजनाहरूबाट उत्पादित अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.२ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

च) प्राधिकरणले व्यापारिक उत्पादन सुरू हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद बापत वर्षायाममा प्रति कि.वा. घण्टा रू. ४।८० र सुख्खा याममा प्रति कि.वा. घण्टा रू. ८।४० विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद विक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन सुरू हुने मिति COD बाट १ वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३% का दरले ५ पटक सम्म मुल्य वृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| अवधि (व्यापारिक उत्पादन सुरु हुने मिति COD कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी) | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षायाम (बैशाख देखि मार्ग सम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि सम्झौता अवधि सम्म | ९।६६ | ५।५२ |

छ) यस आयोजनाको RCOD मा COD नभएमा ५ पटक हुने मूल्य वृद्धिमा निम्नानुसारको व्यवस्था रहेको छ :

- RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्य बृद्धि दिइने छ ।
- RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्य बृद्धि दिइने छ ।
- RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्य बृद्धि दिइने छ ।
- RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्य बृद्धि दिइने छ ।
- RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा मूल्य बृद्धि दिइने छैन ।

ज) कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुर्‍याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरू हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजना निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनु पर्ने उपरोक्त कार्यहरू समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरू हुने मिति नपरेमा (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणबाट हुनुपर्ने कार्यहरू सोहि समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरू हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन तोकिएको समयमा हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ । यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ ।

हर्जाना रकम रू. =०.०५ X कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरू गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरू हुने मिति बीचको दिन अन्तरको अवधीको उर्जा X व्यापारिक उत्पादन शुरू हुने मिति (COD) मा लागू हुने खरीद दर ।

प्राधिकरणले लिनु पर्ने यस हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गने पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्मिा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबिन्दमा भुक्तानी गरिनेछ ।

**नोटः** नेपाल विद्युत प्राधिकरणले निर्माण गर्ने रामेछाप-खिम्ति-गर्ज्याङ्ग १३२ के.भि. विद्युत प्रसारण लाइन निर्माण कार्य सम्पन्न नभएको कारणले यस आयोजनाको RCOD पटक पटक परिवर्तन भएको हो । यस अवस्थामा आयोजनाको RCOD परिर्वतन हुँदा दुवै आयोजनाको हकमा कुनै हर्जाना तिर्नु नपर्ने व्यवस्था रहेको ।

- **परियोजनाको हालको अवस्था : यो प्रस्ताव तयार पार्दा २०७५ आश्विन मसान्तसम्म आयोजनाको औषत ६५% कार्य सम्पन्न भइसकेको छ, जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।**

| कामको विवरण (प्याकेज अनुसार) | कार्य प्रगति | प्रतिशत |
|---|---|---|
| १. अध्ययन, पिपिए तथा वित्तिय व्यवस्थापन | सम्पन्न | १०० |

| | | |
|---|---|---|
| २. आधारभूत संरचनाहरू (आवास तथा अफिस गृह, पहुँच मार्ग) | सम्पन्न | १०० |
| ३. सिभिल निर्माण कार्य | निर्माणाधिन | ६५ |
| ४. हाईड्रो मेकानिकल कार्य | निर्माणाधिन | ८५ |
| ५. इलेक्ट्रो मेकानिकल कार्य | निर्माणाधिन | ४५ |
| ६. ट्रान्समिसन लाईन तथा सव स्टेशन कार्य | निर्माणाधिन | ४० |
| ७. जग्गा प्राप्त तथा समाजिक तथा वातावरण सम्बन्धि कार्य | सम्पन्न | १०० |
| आयोजनाहरुको कुल प्रगति प्रतिशत जम्मा | | ६५ |
| व्यवसायिक उत्पादन मिति (RCOD) | २०७६/०३/३१ | |
| व्यवसायिक उत्पादन मिति (Expected) | २०७६/०३/३१ | |

*RCOD २०७५ चैत्र ०१ गते भएकोमा पुनः संसोधन भई २०७६ आषाढ ३१ कायम भएको ।

- उल्लेखित आयोजनाबाट उत्पादित विद्युत प्रशारणगर्ने नेपाल विद्युत प्राधिकरणले निर्माण गरिरहेको रामेछाप-खिम्ति-गज्याङ्ग विद्युत प्रशारण लाइन आयोजना समयमा सम्पन्न हुने मिति परिवर्तन भए अनुसार यी आयोजनाहरूको RCOD संसोधन भई २०७६/०३/३१ गते कायम भएको छ । आयोजनाको निर्माण प्रगती २०७५ आश्विन मसान्तसम्म औषत ६५% कार्य सम्पन्न भइसकेको छ, भने आयोजनाको निर्माण प्रगती २०७५ पौष मसान्त सम्ममा ८०% सम्पन्न भएमा आयोजनाको RCOD संसोधन भए अनुसार सो बमोजिम प्रक्षेपित वित्तिय विवरण लगायत अन्य विवरणहरू अद्यावधिक गरिएको छ ।
- दुबै जलविद्युत आयोजना 75:25 debt equity ratio मा निर्माणाधिन रहेको छ ।
- कम्पनीको वित्तिय परिसुचक - NPV=NPR.79.99 crore, IRR=14.22%, B/C ratio=1.18%, ROE=19.50% रहेको छ ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

**(छ) अन्य विवरणहरु::**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**

कम्पनीले देशमा विद्युतशक्तिको विकास गर्न स्वदेशी वा विदेशी संघ-संस्था तथा निजी उद्यमी एंव लगानीकर्ताहरूलाई एक आपसमा आवद्धगरी विद्युत उत्पादन, वितरण, प्रसारणलाईन निर्माण तथा संभार गर्ने मुख्य उद्देश्य अनुरूपका सेवाहरूका साथै माथि अनुरूपका उद्देश्यमा उल्लेखित सम्पूर्ण सेवाहरू प्रदान गर्दै आएको छ ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि** :

यो परियोजना Run off River मा आधारित जलबिद्युत आयोजना हो । यस परियोजनामा Run off River प्रकारको जलबिद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरूको प्रयोग गरिएको छ ।

**(३) कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र बैंकसँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र** :

यस कम्पनीले रामेछाप र दोलखा जिल्लाको सीमा नदीका रूपमा बहने खिम्ती खोलामा उपल्लो खिम्ती (१२ मे.वा.) र अपर खिम्ती-II (७ मे.वा.) का दूई जलविद्युत् आयोजनाहरू विकास गरेर निर्माण कार्य अगाडि बढाई रहेको छ । दुबै आयोजनाले २०७५ चैत्र ३१ गते देखि व्यापारिक उत्पादन सुरू गरि राष्ट्रिय ग्रिडमा बिक्रि गर्ने योजना रहेको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** :

कम्पनीले एकल रूपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागी व्यवसायीक रूपमा सम्भाब्य देखिएका नयाँ जलविद्युत आयोजनाहरूमा लगानी गरी नेपालको जलबिद्युत क्षेत्रमा एक अग्रणी उद्यमीको रूपमा आफुलाई स्थापित गर्ने क्रममा रहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** :

कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेर राष्ट्रिय प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीको प्रमुख बजार नेपाल भर रहेको छ ।

**(७) उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति** :

यस कम्पनीले रामेछाप र दोलखा जिल्लाको सीमा नदीका रूपमा बहने खिम्ती खोलामा उपल्लो खिम्ती (१२ मे.वा.) र अपर खिम्ती-II (७ मे.वा.) का दूई जलविद्युत् आयोजनाहरू विकास गरेर निर्माण कार्य अगाडि बढाई रहेको छ । दुबै आयोजनाले २०७६ आषाढ ३१ गते देखि व्यापारिक उत्पादन सुरू गरि राष्ट्रिय ग्रिडमा बिक्रि गर्ने योजना रहेको छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
खिम्ती खोलाको पानी अधिकतम् क्षमता, उपल्लो खिम्ती १२ मे.वा.को लागी ५.१६ र अपर खिम्ती-II ७ मे.वा.को लागी ६.४५ घन.मी. प्रति सेकेण्ड, अनुमतिपत्रको अवधिभर स्वीकृत प्राप्त गरेको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
गुण नियन्त्रणको लागि देहाय बमोजिमको व्यवस्था गरिएको छ :

क) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि आयोजना स्थलमा नेपाल सरकार गुणस्तर विभागद्वारा चेकजाँच गरी प्रयोगशाला स्थापना गरेर सञ्चालन गरिएको छ । जसमा Concrete Cube हरूको Test गरिन्छ भने Cement, Rod आदी लगायतको सामान आपूर्ती गर्दा कम्पनीले Test Certificate पेश गर्ने गरेको छ ।

ख) हाइड्रोमेकानिकल कार्य अन्तर्गत Quality Inspection को लागि Contract Document अनुसार नै Consultant को स्वीकृती पश्चात Third Party Inspection नियुक्त गरी सोही अनुरूप Inspection भइरहेको छ ।

ग) Electromechanical Equipment को Quality Assurance Plan (QAP) Consultant ले Approve गर्ने व्यवस्था रहेको छ भने विद्युत् खरिदविक्री सम्झौता अनुसार विद्युतिय उपकरणको Specification तथा Drawing नेपाल विद्युत प्राधिकरणको मापदण्ड अनुसार भए नभएको Inspection गरी स्वीकृती लिएर मात्र निर्माण तथा जडान गर्ने व्यवस्था रहेको छ ।

**(१०) अनुसन्धान तथा विकास :**
कम्पनीले आफ्नो र आफ्ना ग्राहकहरूका निम्ति परामर्श सेवा तथा देशमा रहेका विभिन्न जलविद्युत योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्ने लक्ष्य राखेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान** : सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
कम्पनीको कुल विद्युत उत्पादन क्षमता १९ मेगावाट मात्र रहेको हुँदा यो आयोजनाले बजारको सानो अंश मात्र परिपूर्ति गर्ने र विद्युतको हाहाकार भएको बर्तमान अवस्थामा उर्जाको माग रहेको हुँदा वजारको समस्या नरहने देखिएको छ । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति सम्झौतागरी अग्रीम बिक्री हुने हुँदा नेपाली लगानीकर्ताको लागी यो लाभदायक र उपयुक्त क्षेत्र हो ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**
कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रूपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

| क्र.श. | सप्लायर/निर्माण ठेकेदार | विवरण (सामान सप्लाई तथा निर्माण) |
|---|---|---|
| १. | TPSC (India) Pvt. Ltd., India | इलेक्ट्रोमेकानिकल उपकरणहरू-टर्वाइन, जेनेरेटर, ट्रान्सफर्मर र सो सँग सम्बन्धित उपकरणहरू |
| २. | Steel Authority Of india Ltd. (SAIL), India | पेनिष्टक पाइप बनाउन लाग्ने फलामका पाताहरू |
| ३. | माछापुच्छ्रे मेटल एण्ड मेसिनरी वर्क्स प्रा.लि., पोखरा, कास्की | हाइड्रोमेकानिकल सामान निर्माण, जडान तथा सप्लाई |
| ४. | वि.पि. कन्स्ट्रक्सन कम्पनी प्रा.लि., भरतपुर, चितवन | सिभिल निर्माण सम्बन्धी कार्य गर्ने |

**ख. सम्पत्तिको विवरण :**

(१) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :
कम्पनीको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| विवरण | परिमाण | रकम रु. | रहेको स्थान | पछिल्लो अवस्था |
|---|---|---|---|---|
| जग्गा खरिद तथा भाडा | २२६ रोपनी ८ आना | ४,०४७,८,५१४/- | आयोजना स्थल | उपयोग भइरहेको |
| क्याम्प हाउस | ५ वटा घर तथा गोदाम समेत | १,२४,७४,१८०/- | आयोजना स्थल | उपयोग भइरहेको |
| जे. सि. बि. स्काभेटर | २ | १,२९,११,२५४/- | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| जे. सि. बि. ब्याकहुलोडर | १ | ३४,६५,०००/- | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| हाइड्रोलिक ब्रेकर | १ | ८,८८,८५८/- | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| कन्स्ट्रक्सन तथा अन्य इक्वीपमेन्ट | | ३,४५,१०२/- | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| मेसिनरी टुल्स एण्ड पार्ट | | ४१,६९३/- | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| हाइलक्स जिप | २ | १,३९,४३,९५०/- | केन्द्रिय कार्यालय | चालु अवस्थामा रहेको |
| बलेरो पिकअप | १ | १८,१२,४१४/- | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| महेन्द्रा स्कर्पियो | १ | ३६,१५,०००/- | आयोजना स्थल | चालु अवस्थामा रहेको |
| मोटरसाइकल | ८ | १६,९६,२२०/- | केन्द्र र आयोजना स्थल | चालु अवस्थामा रहेको |
| माउन्टेन बाइक र साइकल | ३ | ७६४८३/- | केन्द्रिय कार्यालय | चालु अवस्थामा रहेको |
| अफिस इक्वीपमेन्ट | | ६०,८०,००३/- | केन्द्रिय र आयोजना स्थल | चालु अवस्थामा रहेको |
| फर्निचर | | २०,०७,२१०/- | केन्द्रिय र आयोजना स्थल | चालु अवस्थामा रहेको |
| अन्य सामाग्री | | ४५,४५,३३६/- | केन्द्रिय र आयोजना स्थल | चालु अवस्थामा रहेको |

(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) : उपरोक्त अनुसारको विवरण देहाय बमोजिम रहेको छ ।

| विवरण | क्षेत्रफल (रोपनी) | लिज सम्झौता मिति | रकम (रू) | बहाल अवधि | कैफियत |
|---|---|---|---|---|---|
| जग्गा खरिद | ८१-८-०-० | लागू नहुने | लागू नहुने | लागू नहुने | आफ्नै नाममा रहेको |
| जग्गा लिज-विद्यालयबाट | २-८-०-० | २०७२।०१।०७ | वार्षिक १,००,००० | ३६ वर्ष | सञ्चालन अवधिभर |
| जग्गा लिज-गुम्बा | १-८-०-० | २०७२।०१।०७ | वार्षिक १,००,००० | ३६ वर्ष | सञ्चालन अवधिभर |
| जग्गा लिज-नेपाल सरकार (१२ मे.वा.) | ३१-०८-१-० | २०७३।०२।०५ | रू. २२,६७,००० | ३२ वर्ष | खरिद गरि नेपाल सरकारलाई सत्ताभर्ना |
| जग्गा लिज-नेपाल सरकार (१२ मे.वा.) | १-०८-२-० | २०७३।०२।०५ | वार्षिक २,००० | ५ वर्ष | निर्माण अवधिभर |
| जग्गा लिज-नेपाल सरकार (७ मे.वा) | ६०-११-३-१ | २०७४।०९।१९ | वार्षिक २,३०२ | ३० वर्ष | सञ्चालन अवधिभर |
| जग्गा लिज-नेपाल सरकार (७ मे.वा) | ३०-०३-०-० | २०७४।०९।१९ | वार्षिक १,०५७ | ५ वर्ष | निर्माण अवधिभर |

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण**:

आयोजनाका ऋण प्रदायक बैंक तथा वित्तिय सस्थाहरूसंग भएको सम्झौता बमोजिम कम्पनीको स्वामित्वमा भएको जग्गामध्ये ६८.५ रोपनी जग्गा नबिल बैंक लि, एभरेष्ट बैंक लि., नेपाल बैंक लि., र नेपाल इन्भेष्टमेन्ट बैंक लि. को नाममा परिपाशु अनुसार धितो बन्धक राखिएको छ ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण**: सो नभएको ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण**: कम्पनीको सम्पूर्ण सम्पतिहरू परल मुल्यमा मुल्यांकन गरिएको छ ।

**ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

कम्पनीको मुख्य उद्देश्य जलविद्युत आयोजनाहरूको अध्ययन, आयोजना निर्माण, विद्युत वितरण, अन्य जलविद्युत आयोजनाहरूमा लगानी र जलविद्युत कम्पनीहरूको धितोपत्रमा लगानी गरि नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रूपमा स्थापित गर्नु रहेको छ । यस कम्पनीलाई उल्लेखित उपल्लो खिम्ती (१२ मे.वा.) र अपर खिम्ती -।। (७ मे.वा.) दूई वटा आयोजना निर्माणमा मात्र सिमित नगरि यसलाई बिस्तार गर्दै नेपालका निजी क्षेत्रका

हाइड्रोपावर कम्पनीहरू मध्ये सकभर सबभन्दा अग्रणी स्थानमा पुर्‍याउने लक्ष्य लिइएको छ । यसको लागि नयाँ आयोजनाहरू निर्माण गर्न संभाव्यता अध्ययन कार्यलाई अगाडि बढाइएको छ । कम्पनीले माथि उल्लेखित दुवै आयोजनाहरूमा निर्माण कार्य २०७२ फाल्गुन महिनाबाट एकै साथ सुरू गरी, उपल्लो खिम्ती (१२ मे.वा.) र अपर खिम्ती-II (७ मे.वां) का दुबै आयोजनाले २०७६ आषाढ ३१ गते देखि व्यापारिक उत्पादन सुरू गरि राष्ट्रिय ग्रिडमा बिक्री गर्ने योजना रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशमा विद्युत आपूर्तिको कमि रहेको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन पूर्व नै विद्युत खरीद बिक्री सम्झौता सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुनाले कम्पनीले छोटो समयावधीमा आफ्नो अलग पहिचान समेत स्थापित गर्न सफल हुनेछ । नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेकोछ । जसले गर्दा नेपाली जनताहरूले चर्को लोडसेडिङ्गको मार खेप्नु परेको छ । जलविद्युत आयोजनाहरूको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरूमा समेत निर्यात गर्न सकिन्छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोछ । यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताको लागी अगाडी बढाएका जलविद्युत आयोजनाहरूको निर्माण र अन्य आयोजनाहरूको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

कम्पनीको नियमावलीको नियम ३१ मा भएको व्यवस्था अनुसार ११ जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति गठन हुने छ र हाल समूह क बाट ७ जना संचालक रहनु भएको छ ।

| | |
|---|---|
| समूह क (संस्थापक शेयर धनीहरू) मध्येबाट निर्वाचित | ७ जना |
| समूह ख (साधारण शेयर धनीहरू) मध्येबाट निर्वाचित | २ जना |
| स्वतन्त्र विषेशज्ञ संचालक | २ जना |
| **जम्मा** | **११ जना** |

## ४. पूंजी संरचना सम्बन्धी जानकारी :

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजीः** कम्पनीको अधिकृत पूँजी रू. ९९,००,००,०००/- (अक्षरेपी रू. उनान्सय करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रू. १००/– का दरले ९९,००,००० (उनान्सय लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पूँजीः** कम्पनीको जारी पूँजी रू. ९९,००,००,०००/- (अक्षरेपी रू.उनान्सय करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रू. १००/– का दरले ९९,००,००० (उनान्सय लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** कम्पनीले आफ्नो जारी पूँजीमध्ये रू. ७४,२५,००,०००/- (अक्षरेपी रू. चौहत्तर करोड पच्चीस लाख मात्र) कम्पनीको संस्थापक शेयरधनीहरूबाट चुक्ता भईसकेको तथा बाँकी २४,७५,००,०००/- (अक्षरेपी चौबिस करोड पचहत्तर लाख) शेयर सार्वजनिक निष्काशनद्वारा सर्वसाधारणलाई जारी गर्नेछ । उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरूको लागि ९,९०,००० थान शेयर बाँडफाँड पश्चात् कम्पनीको चुक्ता पूँजी रू. ८४,१५,००,०००/- (अक्षरेपी रू. चौरासी करोड पन्ध्र लाख मात्र) हुनेछ र यस विवरणपत्र मार्फत सर्वसाधारणको लागि छुट्ट्याइएको १४,८५,००० थान शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रू. ९९,००,००,०००/– (अक्षरेपी रू. उनान्सय करोड) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भईआएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| पूँजी | २०६६/०४/०२ | २०७१/०७/१९ | २०७२/०८/२० |
|---|---|---|---|
| अधिकृत पुँजी | ५०,००,००,०००/- | ९९,००,००,०००/- | ९९,००,००,०००/- |
| जारी पुँजी | ३०,००,००,०००/- | ४७,००,००,०००/- | ९९,००,००,०००/- |
| चुक्ता पुँजी | १,६८,४३,३००/- | ६,८२,००,०००/- | ७४,२५,००,०००/- |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

कम्पनीको प्रबन्ध-पत्रको दफा ६ (ख) मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

| क्र. सं | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूजी संरचना (%) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरू | ७४,२५,००० | ७४,२५,००,०००/- | ७५ | १०० |
| २ | सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरू) | ९,९०,००० | ९,९०,००,०००/- | १० | १०० |
| ३ | सर्वसाधारण शेयरधनीहरु तथा कर्मचारीहरू समेत | १४,८५,००० | १४,८५,००,०००/- | १५ | निष्काशन हुन बाँकी |
| | जम्मा | ९९,००,००० | ९९,००,००,०००/- | १०० | |

नोटः सर्वसाधारण शेयरधनीहरू तथा कर्मचारीहरू समेत लाई बिक्रि गरिने शेयर निष्काशन गर्न बाँकी रहेको ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)**

निष्काशित शेयर अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

## ५.संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :

**क. संस्थापक/सञ्चालकको पृष्ठभूमिः**

**१. आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभवर प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीहरुको विवरण**

| क्र. सं. | नाम | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व संख्या | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|
| १ | हरिप्रसाद पाण्डे | ६४ | नेपाली | पोखरा म.न.पा. वडा नं. ८, पोखरा | २,१०,७५३ | प्रविणता प्रमाणपत्र तह | पूर्व उद्योग तथा जलश्रोत, राज्य मन्त्री<br>पोखरा फुड्स प्रा लि, संस्थापक<br>पोखरा नुडल्स प्रा लि., संस्थापक<br>नेपाल ईन्जिनियरिङ्ग कलेज, संस्थापक/सञ्चालक<br>नेपाल मेडिकल कलेज, संस्थापक<br>गण्डकि मेडिकल कलेज, संस्थापक<br>कास्कि फाईनान्स लि, सस्थापक<br>भगवति हाइड्रो पावर डेभलेपमेण्ट कं.लि, कार्यकारी अध्यक्ष<br>एसिएन जल उर्जा प्रा.लि., कार्यकारी अध्यक्ष टाक्स हाईड्रोपावर कं.प्रा.लि., पूर्व निर्देशक<br>मातृसेवा प्रतिष्ठान नेपाल, संस्थापक अध्यक्ष<br>हिमालय उर्जा विकास कम्पनी लि को कार्यकारी अध्यक्ष |
| २ | सरोजकुमार उपाध्याय | ५८ | नेपाली | गौर न.पा., वडा नं. ४ रौतहट | १,३१,४०२ | एम.बि.ए एम.एस.सि इन सिभिल ईनजिनिएरिङ. | हिमालय उर्जा विकास क.लि को संस्थापक ।<br>हिमालय उर्जा विकास कं. लि को प्राविधिक निर्देशक र योजना व्यवस्थापन पदमा कार्यरत ।<br>स्विस एसोसिएसन फर ईन्टरनेश्नल कर्पोरेसन, (हेल्भेटास, नेपाल) संग आवद्ध रही कार्य गरेको<br>यूनाईटेड मिसन टू नेपाल संग आवद्ध रही कार्य गरेको<br>निर्णायक, प्राविधीक लेखा परिक्षक, परियोजना विश्लेषक र IMPA परियोजना उत्कृष्टता पुरस्कार २०११, २०१२, २०१३, २०१४ को प्रमाणित अन्तराष्ट्रिय निर्धारक<br>एसिएन जल उर्जा प्रा.लि, संस्थापक निर्देशक<br>नेशनल कलेज अफ इन्जिनियरिङ, अध्यक्ष |
| ३ | अरूण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | | | का.म.न.पा. ११ नयाँ बानेश्वर | ४,३४,५७१ | लागु नहुने | |
| ४ | श्रीराम पाण्डे | ३३ | नेपाली | पोखरा उ.म.न.पा. वडा नं. ८, पोखरा | ३,०८,७६२ | सिभिल ईनजिनिएरिङ तथा अर्थशास्त्रमा स्नातकोत्तर | पोखरा फुड प्रा.लि., प्रबन्ध निर्देशक<br>रम्बा जेनेरल फुड इन्ड्रष्टीज प्रा.लि., निर्देशक,<br>पोखरा नुडलस प्रा.लि., अध्यक्ष<br>भगवती हाईड्रोपावर कम्पनी लि., सञ्चालक<br>कामना सेवा विकास बैक लि., पूर्व सञ्चालक<br>हिमालय उर्जा विकास कं. लि., सञ्चालक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | तुलसा पाण्डे | ६४ | नेपाली | पोखरा ८, सृजना चोक, कास्की | ४,००,८७५ | माध्यमिक तह | पोखरा फुड्स प्रा.लि., अध्यक्ष<br>रम्बा जनरल फुड इन्डष्ट्रिज प्रा.लि., अध्यक्ष<br>पोखरा नुडल्स प्रा.लि., सञ्चालक |
| ६ | सोमनाथ पाठक | ५६ | नेपाली | तिलोत्तमा न.पा. ३, जानकीनगर, रूपन्देही | १,२०,००० | प्रविणता प्रमाणपत्र तह | रूपन्देहि इन्ड्रष्टियल एसोसिएसन, पूर्व सदस्य<br>पाठक फुड प्रोडक्टस्, प्रबन्ध निर्देशक<br>पाठक अलमुनियम सिस्टम एण्ड मेटल वर्क, प्रोपाइटर<br>क्वालिटि रोटो प्याकेजिङ प्रा.लि., निर्देशक<br>हिमालय उर्जा विकास कं लि., सञ्चालक |
| ७ | तेज कुमार पाठक | ६० | नेपाली | तिलोत्तमा न.पा. ३ रूपन्देही | १,००,००० | प्रविणता प्रमाणपत्र तह | पाठक फुड प्रोडक्ट्स, सञ्चालक<br>मेचिकाली प्रकाशन प्रा.लि., सञ्चालक<br>रूपन्देही उद्योग संघ, पूर्वअध्यक्ष |

**सञ्चालकहरुको विवरण**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व संख्या | शैक्षिक योग्यता | व्यापार/व्यवसाय | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री हरिप्रसाद पाण्डे | कार्यकारी अध्यक्ष | ६४ | नेपाली | पोखरा म.न.पा. वडा नं. ८, पोखरा | २,१०,७५३ | प्रविणता प्रमाणपत्र तह | हिमालय उर्जा विकास कम्पनी लि. को कार्यकारी अध्यक्ष<br>पोखरा नुडल्स प्रा लि., संस्थापक<br>कास्कि फाईनान्स लि, सस्थापक<br>भगवति हाइड्रो पावर डेभलेपमेण्ट कं.लि, कार्यकारी अध्यक्ष<br>एसिएन जल उर्जा प्रा.लि., कार्यकारी अध्यक्ष<br>पोखरा फुड्स प्रा लि, संस्थापक<br>टास्क हाईड्रोपावर कं.प्रा.लि., पूर्व निर्देशक<br>नेपाल मेडिकल कलेज, संस्थापक<br>गण्डकि मेडिकल कलेज, संस्थापक | पूर्व उद्योग तथा जलश्रोत, राज्य मन्त्री<br>मातृसेवा प्रतिष्ठान नेपाल, संस्थापक अध्यक्ष<br>नेपाल ईन्जिनियरिङ्ग कलेज, संस्थापक/सञ्चालक |
| २ | श्री सरोजकुमार उपाध्याय | संचालक तथा प्राविधिक तथा आयोजना व्यवस्थापन निर्देशक | ५८ | नेपाली | गौर न.पा., वडा नं. ४ रौतहट | १,३१,४०२ | एम.बि.ए एम.एस.सि इन सिभिल ईनजिनिएरिङ. | हिमालय उर्जा विकास क.लि को सञ्चालक तथा प्राविधिक निर्देशक र योजना व्यवस्थापन पदमा कार्यरत ।<br>एसिएन जल उर्जा प्रा.लि, संस्थापक निर्देशक<br>नेशनल कलेज अफ इन्जिनियरिङ, अध्यक्ष | स्विस एसोसिएसन फर ईन्टरनेश्नल कर्पोरेसन, (हेल्भेटास, नेपाल) संग आवद्ध रही कार्य गरेको<br>यूनाईटेड मिसन टू नेपाल संग आवद्ध रही कार्य गरेको<br>निर्णायक, प्राविधीक लेखा परिक्षक, परियोजना विश्लेषक र IMPA परियोजना उत्कृष्टता पुरस्कार २०११, २०१२, २०१३, २०१४ को प्रमाणित अन्तराष्ट्रिय निर्धारक |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रा. डा. भिमप्रसाद न्यौपाने | संचालक तथा हेड अफिस निर्देशक | ६४ | नेपाली | का.म.न.पा. २९, घट्टेकुलो काठमाण्डा | ५०,५६३ | अर्थशास्त्रमा स्नाकोत्तर, विकास अर्थशास्त्रमा मा पिएचडि | त्रिबेणी विकास बैंक, संस्थापक तथा पूर्व अध्यक्ष<br>हिमालय उर्जा विकास कम्पनी लि., संचालक | राष्ट्रिय योजना आयोग, पूर्व सदस्य<br>डेभलपमेण्ट बैंकर्स एसोसिएसन नेपाल, संस्थापक अध्यक्ष<br>इन्स्टिच्युट अफ पोलिसी रिसर्च एण्ड डेभलपमेण्ट (IPRAD), उपाध्यक्ष<br>सार्क डेभलपमेन्ट फण्ड, पूर्व अध्यक्ष<br>नेपाल इन्डष्ट्रियल डेभलपमेन्ट कर्पोरेशन, पूर्व अध्यक्ष<br>रिडि हाईड्रो पावर कं. लि., पुर्व संचालक<br>हिमाल सिमेन्ट फ्याक्ट्री, पुर्व संचालक<br>तारा गाउँ होटल, पुर्व संचालक<br>युनाइटेड इन्सुरेन्स कं.लि., पुर्व संचालक |
| ४ | श्री रमेशप्रसाद न्यौपाने | संचालक | ४५ | नेपाली | का.म.न.पा. ३१, बानेश्वर काठमाण्डौ | २५,००० | एम.वि.ए | हिमालय उर्जा विकास कं.लि., सञ्चालक<br>जनता बैंक नेपाल लि., पूर्व सञ्चालक<br>अरूण भ्याली हाईड्रो पावर डेभलपमेण्ट कं. लि., कार्यकारी अध्यक्ष<br>रिडि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी, पूर्व सञ्चालक | |
| ५ | श्री पशुपति चौलागाई | संचालक | ५४ | नेपाली | बैतेश्वर गा.पा. दोलखा | ३४,७८८ | वि.एड, एम.ए | हिमालय उर्जा विकास कं.लि., सञ्चालक | पुर्व सदस्य –संविधान सभा<br>पुर्व सांसद, (२०५६-२०५९) सम्म<br>प्रदेश नं. ३ प्रदेशसभा सदस्य |
| ६ | श्री सोमनाथ पाठक | संचालक | ५६ | नेपाली | तिलोत्तमा न.पा. ३, रूपन्देही | १,२०,००० | प्रविणता प्रमाणपत्र तह | पाठक फुड प्रोडक्टस्, प्रबन्ध निर्देशक<br>पाठक अलमुनियम सिस्टम एण्ड मेटल वर्क, प्रोपाइटर<br>क्वालिटि रोटो प्याकेजिङ प्रा.लि., निर्देशक<br>हिमालय उर्जा विकास कं लि., सञ्चालक | रूपन्देहि इन्ड्रष्टियल एसोसिएसन, पूर्व सदस्य |
| ७ | श्रीराम पाण्डे | संचालक | ३३ | नेपाली | पोखरा लेखनाथ म.न.पा. वडा नं. ८, कास्की | ३,०८,७६२ | सिभिल ईनजिनिएरिङ तथा अर्थशास्त्रमा स्नातकोत्तर | पोखरा फुड प्रा.लि., प्रबन्ध निर्देशक<br>रम्बा जेनेरल फुड इन्डष्ट्रीज प्रा.लि., निर्देशक,<br>पोखरा नुडलस प्रा.लि., अध्यक्ष | भगवती हाईड्रोपावर कम्पनी लि., सञ्चालक<br>कामना सेवा विकास बैक लि., पूर्व सञ्चालक<br>हिमालय उर्जा विकास कं. लि., सञ्चालक |

ख. संस्थापकहरू कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरूको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

| क्र. सं | संस्थापक शेयरधनीहरु | विवरण | संचालकरुको नाम | पद | ठेगाना |
|---|---|---|---|---|---|
| १ | अरूण भ्याली हाइड्रोपावर लि. का.म.न.पा. ११, थापाथली, काठमाण्डौ | प्रा.लि. कम्पनीको रूपमा वि.सं. २०५४/११/२८ मा स्थापित यो कम्पनी २०६२/५/४ मा पब्लिक कम्पनीको रूपमा परिणत भएको यस कम्पनीको दर्ता नं. ९३४/ ०६२/ ६३ र कम्पनीको मुख्य उद्देश्य जलविद्युत उत्पादन तथा प्रशारण रहेको छ । | रमेश प्रसाद न्यौपाने | कार्यकारी अध्यक्ष | का.म.न.पा. ३१ |
| | | | जिवनराज शाक्य | सञ्चालक | का.म.न.पा. ९ |
| | | | बिबेक तातेड | सञ्चालक | का.म.न.पा. ११ |
| | | | मिलन खड्का | सञ्चालक | लगनखेल, ललितपुर |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | एसियन जल उर्जा प्रा.लि., का.म.न.पा. ३२, काठमाण्डौ | प्रा.लि. कम्पनीको रूपमा वि.सं. २०६८/०८/२३ मा स्थापित यो कम्पनीको दर्ता नं. ८८५८६/०६८/६९ र कम्पनीको मुख्य उद्येश्य जलविद्युत उत्पादन तथा प्रशारण रहेको छ । | हरिप्रसाद पाण्डे | कार्यकारी अध्यक्ष | पोखरा ८, कास्की |
| | | | सरोज कुमार उपाध्याय | सञ्चालक | का.म.न.पा. ३२ |
| | | | प्रा.डा. भीम प्रसाद न्यौपाने | सञ्चालक | का.म.न.पा. ३० |
| | | | हरिप्रसाद शर्मा काफ्ले | सञ्चालक | का.म.न.पा. ९ |
| | | | सोमप्रसाद पाण्डे | सञ्चालक | का.म.न.पा. ३१ |
| ३. | लुम्बिनी इन्जिनियरिग कलेज प्रा.लि., तिलोत्तमा ९, रुपन्देही | वि.सं. २०५६/७/१६ मा स्थापित यो कम्पनीको दर्ता नं. ११४१०/०५६/५७ र मुख्य उद्येश्य इन्जिनियरीङ शिक्षा कार्यक्रम संचालन गर्नु रहेको छ । | रामचन्द्र ढकाल | अध्यक्ष | तिलोत्तमा न.पा. १४ |
| | | | प्रा.डा. राम चन्द्र आचार्य | संचालक | बुटवल उ.म.न.पा ९ |
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरकालागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीकालागि १० अंकले भाग जाने संख्यामा अधिकतम ६,५०० (छ हजार पाँच सय) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

ग. **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् । संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत निष्काशन गरिएको शेयर का लागि आवेदन दिन पाँउने छैनन् । निष्काशित सम्पूर्ण धितोपत्रका लागि सर्वसाधारण नेपाली नागरिकबाट आवेदन नआएको खण्डमा मात्र नेपाली संघ संस्था वा कम्पनीले आवेदन प्राप्त हुन नआएका शेयरका लागि आवेदन दिन सक्ने छन् र सो को जानकारी निष्काशन तथा विक्री प्रबन्धकले सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ ।

२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरीदकालागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदकालागि आवेदन दिनुपर्नेछ ।

६. आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विववरण संग रूजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरूमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।

च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आवेदकहरूले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरूमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको

खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसकालागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरूलाई बाँडफाँडमा परेको शेयर निजहरूको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।

१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरकालागि न्यूनतम ५० (पचास) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ६,५०० (छ हजार पाँच सय) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

## ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

कम्पनी र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरूको नाम, तिनीहरूको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरणः

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रूपमा रहेको व्यक्तिः सो नभएको ।

(ख) आधारभूत शेयरधनीः सो नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य : सो नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुराः सो नभएको ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरणः सो नभएको ।

## १२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

सो नभएको ।

## १३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरणः

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्याः** सो नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्याः** सो नभएको ।

## १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरणः

**वासलात**

**रु. हजारमा**

| विवरण | आ.व २०७४/०७५* | लेखापरिक्षण भएको आ.व २०७४/०७५ | फरक | फरकको कारण |
|---|---|---|---|---|
| स्थीर सम्पत्ति | | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ६३,९८८ | ७०,८३३ | (६,८४५) | निर्माणधिन खर्च सम्पत्तीमा सारीएको |
| निर्माणाधिन आयोजना | १,४०६,२६३ | १,३९६,२७८ | ९,९८५ | |
| कुल स्थीर सम्पत्ति | १,४७०,२५१ | १,४६७,१११ | ३,१४० | |
| लगानी | १५,००० | १५,००० | - | |

| | | | | |
|---|---|---|---|---|
| चालू सम्पत्ति | २५५,३०३ | २८३,८५१ | (२८,५४७) | |
| नगद तथा बैंक मौज्दात | ३१,४२४ | ३१,५९७ | (१७३) | थप व्याज आम्दानी |
| अन्य आसामी हिसाव | – | – | – | |
| व्यापारिक तथा अन्य सापटी | २०७,४८८ | २३५,८६२ | (२८,३७४) | चालु दायित्वबाट सारीएको |
| मार्जिन तथा धरौटी | १६,३९२ | १६,३९२ | – | |
| जम्मा सम्पत्ति | १,७४०,५५४ | १,७६५,९६१ | (२५,४०७) | |
| पूँजी तथा दायित्व | | | | |
| शेयर पूँजी | ७४२,५०० | ७४२,५०० | – | |
| शेयर आवेदन रकम | | – | | |
| जगेडा कोष तथा सञ्चिती | (१७,९५३) | (१२,१६२) | (५,७९१) | ह्रास कट्टिको कारण |
| जम्मा | ७२४,५४७ | ७३०,३३८ | (५,७९१) | |
| दिर्घकालिन ऋण | | | | |
| ऋण (सुरक्षण राखेको) | | | | |
| ऋण (सुरक्षण नराखेको) | ९७०,३६३ | ९७०,३६३ | – | |
| जम्मा दिर्घकालिन ऋण | ९७०,३६३ | ९७०,३६३ | – | |
| चालु दायित्व तथा व्यवस्था | | | | |
| अन्य दायित्व | ४५,६४५ | ६५,२६० | (१९,६१६) | चालु सम्पत्तीबाट सारीएको |
| प्रस्तावित लाभाँस | | | | |
| जम्मा चालु पूँजी तथा व्यवस्था | ४५,६४५ | ६५,२६० | (१९,६१६) | |
| जम्मा पूँजी तथा दायित्व | १,७४०,५५४ | १,७६५,९६१ | (२५,४०७) | |

**नाफा–नोक्सान हिसाब**

रू. हजारमा

| विवरण | आ.व २०७४/०७५* | लेखापरिक्षण भएको आ.व २०७४/०७५ | फरक | फरकको कारण |
|---|---|---|---|---|
| विद्युत विक्रीबाट भएको आम्दानी | – | – | – | |
| अन्य आम्दानी | ५५ | २५९ | (२०४) | व्याज आम्दानी प्राप्त |
| जम्मा आम्दानी | ५५ | २५९ | (२०४) | |
| परियोजना खर्च | | | | |
| रोयल्टी खर्च | – | – | – | |
| जरिवाना | – | – | – | |
| प्रशासनिक खर्च | १,५२१ | १,५२१ | – | |
| ह्रास कट्टि | (१,४६६) | (१,२६२) | (२०४) | |
| बैंक खर्च | – | – | – | |
| वित्तीय खर्च | – | – | – | |
| कर्मचारी बोनस | – | – | – | |
| आयकर कट्टी गर्नु अधिको नाफा | (८,३१०) | (२,५१९) | (५,७९१) | |
| आय कर व्यवस्था | – | – | – | |
| आयकर पछिको नाफा | (८,३१०) | (२,५१९) | (५,७९१) | |

* यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्न विवरण पत्रमा उल्लेख आ.व. २०७४/०७५ आषढ मसान्तको अपरिष्कृत वित्तीय विवरण ।

## १५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरणः

**(क) लेखापरीक्षक/ प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपीत वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञको आदिको नाम तथा ठेगाना**

(१) कम्पनीको आ.व.२०७३/७४ को लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्ती श्री ज्ञानेन्द्र एण्ड एसोसिएट्स, अनामनगर, काठमाण्डौलाई कम्पनीको आ.व. २०७२/७३ को वार्षिक साधारण सभाले निर्णय गरेको छ । यसै गरि कम्पनीको आ.व. २०७४।७५ को लेखा परिक्षण गर्न लेखापरिक्षक श्री जी. पौड्याल एण्ड एसोसिएट्स, काठमाण्डौलाई कम्पनीको आ.व. २०७३/७४ को साधारण सभाले नियुक्ती गरेको छ ।

(२) प्रमुख बैंक : यस आयोजनामा ऋण लगानी गर्दा प्रमुख बैंकको रूपमा नविल बैंक रहेको छ ।

(३) निष्कासन बैंक (Bankers to the Issue) :
धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रूपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

(४) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :
यस विवरण–पत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने विज्ञमा हिमालय उर्जा विकास कम्पनी लिमिटेड आफै रहेको छ ।

(५) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ :
यस विवरण–पत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री जि पौड्याल एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री घनश्याम पौड्याल रहनु भएको छ ।

**ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरुः**

- लेखापरीक्षकः सो नभएको ।
- निष्काशन बैंक (Bankers to the Issue) :
  धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ पूर्ण रूपमा लागु भईसकेको सन्दर्भमा सो व्यवस्था लागु नहुने ।

## १६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरणः

यी परियोजनाहरू निर्माण गर्न संस्थापक शेयरधनिहरूको स्वलगानी तथा नबिल बैंक लिमिटेडको अगुवाईमा सह वित्तियकरणमा एभरेष्ट बैंक लि., नेपाल बैंक लि., तथा नेपाल इन्भेष्टमेन्ट बैंक लि. बाट रू. २ अर्ब ३५ करोड ९० लाखऋण व्यवस्थापन गरिएको छ । जसमध्ये २०७५ आश्विन मसान्तसम्म निम्नानुसार ऋण उपयोग गरेको छ ।

| स्रोत | स्वीकृत कर्जा रकम | प्रयोग भएको रकम | प्रयोग हुन बाँकी कर्जा | कर्जा फिर्ता रकम |
|---|---|---|---|---|
| नबिल बैंक लि. | ७६,६०,००,०००/- | ३४७,१९९,५३०.८० | ६८३,५६२,५६१.५१ | छैन |
| एभरेष्ट बैंक लि. | ६६,८०,००,०००/- | २८५,०९३,६५०.०७ | ४५४,८०५,९२०.१५ | छैन |
| नेपाल बैंक लि. | ६६,००,००,०००/- | २८१,२४९,२६७.९५ | ४१५,५६९,५५८.०२ | छैन |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. | २६,५०,००,०००/- | ११३,८८७,२४३.५२ | ५४,५४०,३४०.८९ | छैन |
| नविल बैंक BGL | - | ६९,००३,३०५.३४ | (६९,००३,३०५.३४) | |
| जम्मा | २,३५,९०,००,०००/- | १,०९६,४३२,९९७.६८ | १,५३९,४७५,०७५.२३ | छैन |

**कर्जा भुक्तानी अवधि : १२ वर्ष , कर्जा भुक्तानीको तरिका :**
**त्रैमासिक, ब्याज दर : ११ प्रतिशत**

(रु. हजारमा)

| वर्ष | जम्मा सावा | जम्मा ब्याज | जम्मा | बाँकी कर्जा | वर्ष | १२ मे.वा. | ७ मे.वा. | सावा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०४,००० | २५५,२०० | ३५९,२०० | २,२५५,००० | १ | ६३,००० | ४१,००० | १०४,००० |
| २ | ११५,००० | २४३,३०६ | ३५८,३०६ | २,१४०,००० | २ | ७०,००० | ४५,००० | ११५,००० |
| ३ | १२८,००० | २३०,१२० | ३५८,१२० | २,०१२,००० | ३ | ७८,००० | ५०,००० | १२८,००० |
| ४ | १४२,००० | २१५,४६३ | ३५७,४६३ | १,८७०,००० | ४ | ८६,००० | ५६,००० | १४२,००० |
| ५ | १५८,००० | १९९,१८३ | ३५७,१८३ | १,७१२,००० | ५ | ९६,००० | ६२,००० | १५८,००० |
| ६ | १७५,००० | १८१,१०१ | ३५६,१०१ | १,५३७,००० | ६ | १०६,००० | ६९,००० | १७५,००० |
| ७ | १९४,००० | १६१,०६८ | ३५५,०६८ | १,३४३,००० | ७ | ११८,००० | ७६,००० | १९४,००० |
| ८ | २१५,००० | १३८,८६१ | ३५३,८६१ | १,१२८,००० | ८ | १३१,००० | ८४,००० | २१५,००० |
| ९ | २४०,००० | ११४,१८० | ३५४,१८० | ८८८,००० | ९ | १४६,००० | ९४,००० | २४०,००० |
| १० | २६६,००० | ८६,७०८ | ३५२,७०८ | ६२२,००० | १० | १६२,००० | १०४,००० | २६६,००० |
| ११ | २९५,००० | ५६,२५१ | ३५१,२५१ | ३२७,००० | ११ | १७९,००० | ११६,००० | २९५,००० |
| १२ | ३२७,००० | २२,४८१ | ३४९,४८१ | - | १२ | २००,००० | १२७,००० | ३२७,००० |
| जम्मा | २,३५९,००० | १,९०३,९२२ | ४,२६२,९२२ | | जम्मा | १,४३५,००० | ९२४,००० | २,३५९,००० |

## १७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा:** सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण:** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण:** सो नभएको ।

## १८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरूको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंका श्री रूपेश कार्की ०१-४४११६०४ मा सम्पर्क गर्न सकिनेछ ।

## १९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण:

सो नभएको ।

## २०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण:

हालसम्म हिमालय उर्जा विकाश कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र यो निष्काशन साधारण शेयरको सर्वसाधारणमा निष्काशन मात्र हो ।

## २१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण:

अग्राधिकार शेयर जारी गरिएको छैन ।

## २२. अन्य सामान्य जानकारी:

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:** संलग्न गरिएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

**लेखापरीक्षकमा भएको परिवर्तन:-**

| क्र.सं | कम्पनी | नाम | आर्थिक बर्ष |
|---|---|---|---|
| १ | जि.पौड्याल एण्ड एसोसियट्स | घनश्याम पौड्याल | आर्थिक वर्ष २०७०।७१ देखी २०७२/७३ सम्म |
| २ | ज्ञानेन्द्र एण्ड एसोसिएट्स | ज्ञानेन्द्र सुबेदी | आर्थिक वर्ष २०७३।७४ |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता:**

नाम : खगेन्द्र पाण्डे

ठेगाना : इलाम न.पा. वडा नं. ९, इलाम ।

योग्यता : स्नातकोत्तर तह

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण:**

कम्पनीको मिति २०७५/०८/१० गते बसेको सञ्चालक समितिको ६१ औं बैठकबाट प्रति शेयर रू. १००/- अंकित दरका १४,८५,००० कित्ता (४४,५५० कित्ता शेयर ३% कर्मचारीहरूलाई र ७४,२५० कित्ता शेयर ५% सामूहिक लगानी कोषको लागि बाँडफाँड गरिएको र बाँकी १३,६६,२०० कित्ता सर्बसाधारणलाई समेत) साधारण शेयरहरू सर्वसाधारण नेपाली नागरीकका लागि सार्वजनिक निष्काशन गर्ने निर्णय गरियो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण:**

आयकर ऐन २०५८ दफा ११(३) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरू गरेको मितिले पहिलो दश (१०) वर्षसम्म पुरै र त्यस पछिको पाँच (५) वर्षमा ५० प्रतिशत आयकर छुट पाउने छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय:**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरूमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ ।

१. कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का. म. न. पा. वडा नं. ३२, तिनकुने, काठमाडौं
२. नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हाल सम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्कासन सम्बन्धि व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रू.१००।– अङ्कित मूल्यको कुल १४ लाख ८५ हजार कित्ता साधारण शेयर संख्याको ३% अर्थात ४४,५०० कित्ता साधारण शेयरहरू कम्पनीको सेवामा रहेका कर्मचारीहरूका लागि छुट्याएर सुरक्षित राखिएको छ र साथै ५% अर्थात ७४,२५० कित्ता साधारण शेयरहरू सामूहिक लगानी कोषको निम्ति छुट्याएर सुरक्षित राखिएको छ । कर्मचारीहरूको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ तथा सामुहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिने छ । सामूहिक लगानी कोषहरू र कर्मचारीबाट सम्पूर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरू सर्वसाधारणमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरूले दिएको निर्देशनहरूको पूर्णरूपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरण–पत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धित्तोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सदस्य रहेको संस्था मार्फत आवेदन फारम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था ईक्रा नेपाल लिमिटेडले यस हिमालय उर्जा विकास कम्पनी लिमिटेडले जारी गर्न लागेको साधारण शेयरलाई औषत भन्दा तल आधारहरू (Below-Average Fundamentals) जनाउन] "[ICRANPIPO Grade 4" ग्रेडिङ्ग जुन २२, २०१८ (२०७५/०३/८) मा प्रदान गरेको छ र सो रेटिङको बहाल अलधि जुन २१, २०१९ (२०७६/०३/६) सम्म रहेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट स्केलमा ग्रेडिङ्ग प्रदान गर्दछ  जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधार जनाउँछ । ग्रेड २, ३, र ४ मा प्रदान गरिने (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकरात्मक स्थितिलाई जनाउँदछ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन वित्तीय संस्था तथा बिक्री प्रवन्धक-नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं, रहेको छ ।

**(ड) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रूजु आदि सम्बन्धी कार्य यस हिमालय उर्जा विकास कम्पनी लिमिटेड कार्यालयबाट वा हिमालय उर्जा विकास कम्पनी लिमिटेडको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ढ) सकारात्मक पक्षहरु :**

- आयोजनाबाट प्राप्त हुने आयमा विद्युत उत्पादन शुरू गरेको मितिले पहिलो दश (१०) वर्षसम्म पुरै र त्यस पछिको पाँच (५) वर्षमा ५० प्रतिशत आयकर छुट पाउने हुँदा लाभांसको दर बढि रहेको ।
- यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरू विश्व बजारमा ख्याति प्राप्त कम्पनीहरूबाट खरिद गरेको र उक्त उपकरणहरूको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।
- यस कम्पनीका संचालकहरू अन्य हाईड्रो पावर कम्पनीहरूमा समेत संलग्न रहेको हुदाँ संचालकहरू संग अनुभवको कमि नरहेको ।
- विद्युत आयोजनाबाट उत्पादित विद्युत प्रवाहगर्ने प्रशारण लाइन ने.वि.प्रा ले निर्माणगर्ने भएको हूँदा सो प्रशारण लाइनको कारण आयोजनाको व्यापारिक उत्पादन सुरुहुने मितिमा ढिलाई हुन गएमा जरिमाना नलाग्ने ।

**(ण) धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९ को उपनियम ३ बमोजिमका व्यवस्थाहरुको पालना गरिएको विवरण :**

(क) आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरू अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको ।
यस कम्पनीले रामेछाप र दोलखा जिल्लाको सीमा नदीका रूपमा बहने खिम्ती खोलामा उपल्लो खिम्ती (१२ मे.वा.) र अपर खिम्ती-II (७ मे.वा.) का दूई जलविद्युत् आयोजनाहरू विकास गरेर निर्माण कार्य अगाडि बढाई रहेको छ । उपल्लो खिम्ती (१२ मे.वा.) आयोजना र अपर खिम्ती-II (७ मे.वा.) दुबै आयोजनाको २०७६/०३/३१ देखी व्यापारिक उत्पादन सुरू गरि राष्ट्रिय ग्रिडमा बिक्री गर्ने योजना रहेको छ ।

(ख) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको ।
यस कम्पनीको आ.व. २०७३/७४ को लेखापरीक्षण तथा साधारणसभा मिति २०७४ चैत्र २४ गते सम्पन्न भएको हो ।

(ग) आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिईसकेको ।
नेपाल सरकार,जलस्रोत मन्त्रालयबाट उपल्लो खिम्ती (१२ मे.वा.) जलविद्युत आयोजनालाई मिति २०६१/०८/०७ मा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई, मिति २०६९/०९/०३ मा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०६९/०७० वि.उ. ०७७) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०४/०९/०२ गते सम्म बहाल रहनेछ । साथै उपर खिम्ती -II (७.मे.वा.) जलविद्युत आयोजनालाई मिति २०६४/१२/१७ मा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई, मिति २०७१/१२/१३ मा नेपाल सरकार,ऊर्जा मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७१/०७२ वि.उ. १३१) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०६/१२/१२ गते सम्म बहाल रहनेछ ।

(घ) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यलय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरूको निर्माण कार्य शुरू गरिसकेको ।
यस कम्पनीले रामेछाप र दोलखा जिल्लाको सीमा नदीका रूपमा बहने खिम्ती खोलामा उपल्लृ खिम्ती (१२ मे.वा.) र अपर खिम्ती-II (७ मे.वा.) का दूई जलविद्युत् आयोजनाहरू विकास गरेर निर्माण कार्य अगाडि बढाई रहेको छ । २०७५/१२/३१गते देखि व्यापारिक उत्पादन सुरू गरि राष्ट्रिय ग्रिडमा बिक्री गर्ने योजना रहेको छ ।

(ङ) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्ने निर्णय गरिसकेको ।

| क्र. सं. | उपकरहरु | सप्लायर |
|---|---|---|
| १. | टर्वाइन, जेनेरेटर, ट्रान्सफर्मर र सो सँग सम्बन्धित इलेक्ट्रोमेकानिकल उपकरणहरू | TPSC (India) Pvt. Ltd., India |
| ३. | Gate, Tracerack, Expansion Joint, Y Etc. संग सम्बन्धित हाइड्रोमेकानिकल सामान निर्माण, जडान तथा सप्लाई | माछापुच्छ्रे मेटल एण्ड मेसिनरी वर्क्स प्रा.लि., पोखरा, कास्की |
| २. | पेनिष्टक पाइप बनाउन लाग्ने फलामका पाताहरू | Steel Authority of india Ltd. (SAIL), India |

(च) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काश्न तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको ।
यस कम्पनीको धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काश्न तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं सँग सम्झौता भएको छ ।

(छ) आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको ।

(ज) संस्थापकहरूले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको ।
संस्थापकहरूले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको छ ।

(झ) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको ।
नविल बैंक, नेपाल बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, तत्कालिन एस डेभलपमेन्ट बैंक लि. हालको नेपाल इन्भेष्टमेन्ट बैंक लि.सगं परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर सम्पन्न भएको छ ।

(ञ) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको ।
कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच उपल्लो खिम्ती (१२ मे.वा.) जलविद्युत आयोजनाको २०६७/१०/०९ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको हो भने उपर खिम्ती-II (७ मे.वा.) जलविद्युत आयोजनाको २०६९/१२/०९ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको हो ।

(ट) सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरू निर्देशिकामा तोकिए कमोजिम प्रत्याभूति गराएको ।
सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरू निर्देशिकामा तोकिए बमोजिम, श्री सानीमा क्यापिटल लिमिटेड सँग प्रत्याभूति सम्झौता भएको छ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरण-पत्र द्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा ४ दिन तथा अधिकतम ३० दिनको लागि हुनेछ ।

## २३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत:

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरू ठीक दुरूस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरू पूर्णरूपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीको सञ्चालकहरूको नाम तथा दस्तखत :

| क्र.सं. | संचालकहरूको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद पाण्डे | कार्यकारी अध्यक्ष | |
| २ | श्री सरोज कुमार उपाध्याय | संचालक | |
| ३ | श्री भिम प्रसाद न्यौपाने | संचालक | |
| ४ | श्री पशुपति चौलागाई | संचालक | |
| ५ | श्री रमेश प्रसाद न्यौपाने | संचालक | |
| ६ | श्री सोम नाथ पाठक | संचालक | |
| ७ | श्री श्रीराम पाण्डे | संचालक | |

**NABIL INVEST**

(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza, Narayanchaur
Naxal, Kathmandu, Nepal
Tel : +977-1-4411604
+977-1-4411733
Fax : +977-1-4410554
E-mail : nabilinvest@nabilbank.com
Web : www.nabilinvest.com.np

मिति : २०७५/०८/१४

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महाशय,

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२, सुविधानगर, तिनकुनमा रजिष्टर्ड कार्यालय रहेको हिमालय उर्जा विकास कम्पनी लिमिटेडको सार्वजनिक निष्काशन गर्न लागेको रु. १००/- अङ्कित दरका १४,८५,००० कित्ता साधारण शेयरको जारी गर्न निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयरहरु निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. हिमालय उर्जा विकास कम्पनी लिमिटेडको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।
३. कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्तफारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्रनिष्काशनतथाबिक्रीप्रवन्धक :**
नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट :
नाम : सबिर बादे श्रेष्ठ
पद : प्रमुख कार्यकारी अधिकृत
सही :

कार्यालयको छाप :

**G. Paudyal & Associates**
Chartered Accountants
ICAN Regd. No.:307
PAN:602785567

5th Floor, Tewa Tower
Teku, Kathmandu
Tel: 01-4233709
Website: www.gpa.com.np
Email: ca.ghanashyam@gmail.com

### INDEPENDENT AUDITOR'S REPORTTO THE SHAREHOLDERS OF HIMALAYA URJA BIKAS COMPANY LIMITED

We were engaged to audit the accompanying financial statements of **Himalaya Urja Bikas Company Ltd.**, which comprise the Balance Sheet as at Ashadh 32, 2075, (July 16, 2018) and the related Income Statement, Statement of Changes in Equity and Statement of Cash Flows for the year ended on that date.

**Management's Responsibility for the financial Statements**
Management of the company is responsible for the preparation and fair presentation of these financial Statements in accordance with Nepal Financial Reporting Standards. This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

**Auditor's Responsibility**
Our responsibility is to express an opinion on these financial statements based on conducting the audit in accordance with Nepal Standards on Auditing. Because of the matters described in the Basis for Disclaimer of Opinion paragraph, we were not able to obtain sufficient appropriate audit evidence to provide a basis for an audit opinion.

**Basis of Disclaimer of Opinion**
The financial statements of the company are not complied with Nepal Financial Reporting Standards (NFRS). As a result, we were unable to determine whether any adjustments were necessary in respect of the financial statements.

**Disclaimer of Opinion**
Because of the significance of the matter described in the Basis for Disclaimer of Opinion paragraph, we have not been able to obtain sufficient appropriate audit evidence to provide a basis for an audit opinion. Accordingly, we do not express an opinion on the financial statements.

**Report on Other Legal & Regulatory Requirements and Relevant Matters**
On the basis of our examination and explanations given to us, we would like to report that:

i. We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit.
ii. Company has kept proper books of accounts as required by law except as required by NFRS, in so far as it appears from our examination of those books of account.
iii. The Balance Sheet, Income Statement, Statement of Cash Flow, Statement of Changes in Equity dealt with by this report are in agreement with the books of account maintained by the Company.
iv. During our examination of the books of account of the Company, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any office holder or any employee of the Company has acted contrary to the provisions of law or caused loss or damage to the Company, and
v. We have not come across any fraudulence in the accounts.

For: **G. Paudyal & Associates**
**Chartered Accountants**

CA Ghanshyam Paudyal
Partner

**Place:** Kathmandu
**Date:** २०७५/५/२३

# Himalaya Urja Bikas Company Limited

## ICRA Nepal assigns [ICRANP] IPO Grade 4 to the proposed Initial Public Offering (IPO) of Himalaya Urja Bikas Company Limited

| Instrument/Facility | Issue Size | Grading Action (June 2018) |
|---|---|---|
| IPO (equity) Grading | NPR 247.50 million | [ICRANP] IPO Grade 4 (Assigned) |

ICRA Nepal has assigned an "**[ICRANP] IPO Grade 4**", indicating below average fundamentals to the proposed Initial Public Offering (IPO) of Himalaya Urja Bikas Company Limited (HUBCL). ICRA Nepal assigns IPO grading on a scale of IPO Grade 1 through IPO Grade 5, with Grade 1 indicating strong fundamentals and Grade 5 indicating poor fundamentals. For the grading categories 2, 3 and 4, the sign of + (plus) appended to the grading symbols indicate their relative better position within the grading categories concerned. HUBCL is proposing to come out with an IPO of 2,475,000 numbers of equity shares of face value NPR 100 each at par. Of the total shares, 990,000 shares will be firstly issued to project affected areas; the remaining 1,485,000 shares will be later issued to public and staffs of HUBCL.

The assigned grading considers the moderate return potential from the hydro-electric projects (HEPs) being developed by HUBCL mainly due to low tariff rates for the 12 MW project (out of total project capacity of 19 MW including semi-cascade project of 7 MW). The grading also remains constrained by the evacuation risk arising out of possible delay in construction of proposed 132 kV Garjyang-Khimti transmission line by NEA which can potentially delay the commercial operation date (COD) of the project. Any delays in COD could result in cost escalations through incremental IDC and hence could further impact project earnings. Absence of deemed generation clause in Power Purchase Agreement (PPA) exposes the potential earnings to hydrological risks. Grading concerns also emanate from the interest rate volatility in the market that can have a bearing over the project return indicators. The project is also exposed to counterparty credit risks arising out of exposure to loss-making Nepal Electricity Authority (NEA) for the energy supplied, although the same is partly mitigated by the fact that NEA is fully owned by the Government and has been making timely payments to Independent Power Producers (IPPs) so far which provides some comfort.

Nonetheless, the grading considers relatively moderate project costs (~NPR 166 million per MW) and the construction progress achieved in the projects so far (~55-60% complete as of mid-Apr-18). The projects are being planned to be in operation from the Required Commercial Operation Date (RCOD) which however would remain contingent upon the timely completion of evacuation structure of NEA. With a firm PPA in place with pre-determined tariff rates and positive demand outlook owing to supply-demand gap in the power sector, the tariff and off-take risks are minimal. Going forward, ability of the company to commission the projects at current cost and timeline estimates and the ability to achieve its design operating parameters will be key driver for project returns.

HUBCL is developing two run of river (RoR) hydropower projects of aggregate capacity 19 MW based on Khimti River in Chuchure VDC of Ramechhap district in Central Nepal. The 12 MW Upallo Khimti HEP has catchment area of ~62 sq. km that is expected to support the design discharge of 5.16 cumecs at 43% exceedance flow with gross head of ~286 metres. Its semi-cascade[1] 7 MW Upper Khimti-II HEP has catchment area of ~99 sq. km for design discharge of 6.45 cumecs at 41% exceedance flow and gross head of ~135 metres. The power generated from the projects is to be evacuated through 2.5 km and 3 km long, 132 kV transmission line from their respective switchyards to proposed Garjyang Substation. This substation lies under proposed Garjyang-Khimti transmission line project (31 km, 132 kV double circuit) of NEA. Construction of the same is in initial stages so far including land acquisition, excavation, material transport stages and hence this could potentially delay the commercial operation of the projects.

The PPAs were signed with NEA on 23rd January 2011 and 22nd March 2013 respectively. As per the terms of PPA for 12 MW project, the base tariff for wet season[2] is NPR 4 per kWh and for dry season is NPR 7 per kWh with 3% escalation on base tariff for nine times. For the 7 MW project, tariff is slightly higher at NPR 4.8 per kWh for wet season and NPR 8.4 per kWh for dry season with 3% escalation on

[1] Utilizes tailrace of 12 MW project as well as discharge of incremental streams in Khimti River
[2] Mid-December to mid-April are dry season period; rest being wet season.

base tariff for five times. Any delays of more than 6 months beyond RCOD will result in loss of escalations in case of 7 MW project; 1 escalation will be lost for successive 12 months delay thereafter. RCOD of the projects as of now is 16th July 2018 and 15th March 2019 respectively; coordination committee formed as per PPA has agreed to recommend NEA to further extend RCOD of 12 MW project to mid-Mar-19. The contract Plant Load Factor (PLF) of the projects are ~70% and ~69% with total annual production capacity of ~116 GWh of energy. The power generation licenses were obtained from the Ministry of Energy on 18th December 2012 and 27th March 2015, valid for 35 years or 30 years from the date of COD, whichever is earlier. The project is being developed on Build Own Operate Transfer (BOOT) basis.

Budgeted at a total cost of NPR 3,146 million (~NPR 166 million/MW), the project is being funded in debt: equity of 75:25 with sanctioned loan of NPR 2,359 million; rest to be financed from equity. The promoters have already infused equity of NPR 742.50 million representing 75% of post IPO capital. Post the proposed IPO, total equity (NPR 990 million) would be in excess of project equity requirements (NPR 787 million) and hence sanctioned loan limit might not be fully utilised. Of the NPR 1,538 million cost incurred till mid-Apr-2018, NPR 819 million has been funded through external bank borrowings and balance from promoters' equity. The project is also entitled for capital subsidy of NPR 5 million per MW upon connection to national grid.

As of mid-Apr-2018, ~55-60% physical progress has been achieved in the projects commensurate to ~50% financial progress. Although management plans to commission the projects within RCOD, there could be some delays in project commissioning on account of uncertainties on completion timeline of the NEA's evacuation structures. Additionally, some of components in projects could also remain critical considering the short time frame remaining in project implementation (~9 months) and bulk of activities remaining to be completed (~40%).

**Company Profile**

Incorporated in 1999 as a private limited company, Himalaya Urja Bikas Company Limited (HUBCL) was converted to public limited company in November 2014 to facilitate public participation. The paid-up capital of the company as of mid-April 2018 was NPR 742.5 million. Major promoters of HUBCL include Arun Valley Hydropower Development Co. Ltd (5.85%)[3], Ms. Tulsa Pandey (5.40%), Mr. Shree Ram Pandey (4.16%), Mr. Hari Prasad Pandey (2.84%) and Mr. Saroj Kumar Upadhyay (1.77%), among others. The promoter holding after proposed IPO is expected to dilute to 75% assuming full subscription. The shares of the company are proposed to be listed in the stock exchange post proposed IPO.

**June 2018**

*For further details please contact:*

*Analyst Contacts:*
**Mr. Kishor Prasad Bimali,** (Tel No. +977-1-4419910/20)
kishor@icranepal.com

**Mr. Rajib Maharjan,** (Tel No. +977-1-4419910/20)
rajib@icranepal.com

All Rights Reserved.
Contents may be used freely with due acknowledgement to ICRA Nepal.

ICRA Nepal ratings should not be treated as recommendation to buy, sell or hold the rated debt instruments. The ICRA Nepal ratings are subject to a process of surveillance which may lead to a revision in ratings. Please visit our website (www.icranepal.com) or contact ICRA Nepal office for the latest information on ICRA Nepal ratings outstanding. All information contained herein has been obtained by ICRA Nepal from sources believed by it to be accurate and reliable. Although reasonable care has been taken to ensure that the information herein is true, such information is provided 'as is' without any warranty of any kind, and ICRA Nepal in particular, makes no representation or warranty, express or implied, as to the accuracy, timeliness or completeness of any such information. All information contained herein must be construed solely as statements of opinion and ICRA Nepal shall not be liable for any losses incurred by users from any use of this publication or its contents.

[3] ICRA Nepal has assigned IPO grading 3 to Arun Valley Hydropower on December 2013

base tariff for five times. Any delays of more than 6 months beyond RCOD will result in loss of escalations in case of 7 MW project; 1 escalation will be lost for successive 12 months delay thereafter. RCOD of the projects as of now is 16th July 2018 and 15th March 2019 respectively; coordination committee formed as per PPA has agreed to recommend NEA to further extend RCOD of 12 MW project to mid-Mar-19. The contract Plant Load Factor (PLF) of the projects are ~70% and ~69% with total annual production capacity of ~116 GWh of energy. The power generation licenses were obtained from the Ministry of Energy on 18th December 2012 and 27th March 2015, valid for 35 years or 30 years from the date of COD, whichever is earlier. The project is being developed on Build Own Operate Transfer (BOOT) basis.

Budgeted at a total cost of NPR 3,146 million (~NPR 166 million/MW), the project is being funded in debt: equity of 75:25 with sanctioned loan of NPR 2,359 million; rest to be financed from equity. The promoters have already infused equity of NPR 742.50 million representing 75% of post IPO capital. Post the proposed IPO, total equity (NPR 990 million) would be in excess of project equity requirements (NPR 787 million) and hence sanctioned loan limit might not be fully utilised. Of the NPR 1,538 million cost incurred till mid-Apr-2018, NPR 819 million has been funded through external bank borrowings and balance from promoters' equity. The project is also entitled for capital subsidy of NPR 5 million per MW upon connection to national grid.

As of mid-Apr-2018, ~55-60% physical progress has been achieved in the projects commensurate to ~50% financial progress. Although management plans to commission the projects within RCOD, there could be some delays in project commissioning on account of uncertainties on completion timeline of the NEA's evacuation structures. Additionally, some of components in projects could also remain critical considering the short time frame remaining in project implementation (~9 months) and bulk of activities remaining to be completed (~40%).

**Company Profile**

Incorporated in 1999 as a private limited company, Himalaya Urja Bikas Company Limited (HUBCL) was converted to public limited company in November 2014 to facilitate public participation. The paid-up capital of the company as of mid-April 2018 was NPR 742.5 million. Major promoters of HUBCL include Arun Valley Hydropower Development Co. Ltd (5.85%)[3], Ms. Tulsa Pandey (5.40%), Mr. Shree Ram Pandey (4.16%), Mr. Hari Prasad Pandey (2.84%) and Mr. Saroj Kumar Upadhyay (1.77%), among others. The promoter holding after proposed IPO is expected to dilute to 75% assuming full subscription. The shares of the company are proposed to be listed in the stock exchange post proposed IPO.

**June 2018**

*For further details please contact:*

*Analyst Contacts:*
**Mr. Kishor Prasad Bimali,** (Tel No. +977-1-4419910/20)
kishor@icranepal.com

**Mr. Rajib Maharjan,** (Tel No. +977-1-4419910/20)
rajib@icranepal.com

All Rights Reserved.
Contents may be used freely with due acknowledgement to ICRA Nepal.

ICRA Nepal ratings should not be treated as recommendation to buy, sell or hold the rated debt instruments. The ICRA Nepal ratings are subject to a process of surveillance which may lead to a revision in ratings. Please visit our website (www.icranepal.com) or contact ICRA Nepal office for the latest information on ICRA Nepal ratings outstanding. All information contained herein has been obtained by ICRA Nepal from sources believed by it to be accurate and reliable. Although reasonable care has been taken to ensure that the information herein is true, such information is provided 'as is' without any warranty of any kind, and ICRA Nepal in particular, makes no representation or warranty, express or implied, as to the accuracy, timeliness or completeness of any such information. All information contained herein must be construed solely as statements of opinion and ICRA Nepal shall not be liable for any losses incurred by users from any use of this publication or its contents.

---

[3] ICRA Nepal has assigned IPO grading 3 to Arun Valley Hydropower on December 2013